नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बबरमहल, काठमाडौं

## प्रतिस्पर्धाबाट शिकार गराउनको लागि सिलबन्दी दरभाउ-पत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/११/४)

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ एवं राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को अधिनमा रही ढोरपाटन शिकार आरक्षमा तोकिएको ब्लक र निर्धारित कोटाको आधारमा प्रतिस्पर्धाबाट नाउर, झारल र बनेलको शिकारको लागि व्यक्ति तथा संघ संस्थाबाट आ.व. २०७९/०८० को दोस्रो सिजन (२०७९ फाल्गुन-२०८० बैशाख) सिजनको लागि सिलबन्दी दरभाउ-पत्र आह्वान गरिएको छ। विभागको आर्थिक प्रशासन शाखाबाट नियमानुसारको शुल्क बुझाई दरभाउ-पत्र खरिद गर्न सकिनेछ। यस सम्बन्धी विस्तृत जानकारी विभागको सूचना पाटी तथा विभागको वेभसाईट **www.dnpwc.gov.np** बाट प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराईन्छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाण्डौं
फोन न. ०१-४२२७९२६, ४२२०८५०

महानिर्देशक

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बबरमहल, काठमाडौं

## प्रतिस्पर्धाबाट शिकार गराउनको लागि सिलबन्दी दरभाउ-पत्र आह्वानको १५ दिने सूचना

**पहिलो पटक प्रकाशित मिति २०७९/११/४**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावलीको नियम १० बमोजिम सामान्य शिकार अनुज्ञापत्र लिन चाहने नेपाली नागरिक तथा नियम ११ बमोजिम पुरक शिकार अनुज्ञापत्र लिन चाहने विदेशी नागरिकले अनुमति प्राप्त फर्म तथा कम्पनी मार्फत तपशिलमा तोकिएका शर्त र प्रक्रिया पुरा गरी प्रतिस्पर्धाबाट नाउर, झारल (विदेशी नागरिकका लागि) र बनेल (स्वदेशी तथा विदेशी नागरिकका लागि) नामक बन्यजन्तुको ढोरपाटन शिकार आरक्षमा तोकिएको कोटानुसार शिकार गराउने प्रायोजनार्थ मिति २०७९/११/३ को विभागीय निर्णय बमोजिम यो सुचना प्रकाशन गरिएको छ ।

**तपशिल**

१) सिलबन्दी दरभाउपत्र विभागको आर्थिक प्रशासन शाखाबाट २०७९/११/१८ गतेसम्म कार्यालय समयभित्र खरिद गरी २०७९/११/१९ गते दिउँसो १२:०० बजेसम्म विभागमा दाखिला गरीसक्नुपर्नेछ।

२) सिलबन्दी दरभाउपत्र दाखिला गर्दा निवेदन फर्म तथा कम्पनीको हकमा निम्न कागजातहरुको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ।
- ✓ कम्पनी दर्ता प्रमाणपत्रको छाँया प्रति,
- ✓ स्थायी लेखा नं./ मु.अ.कर दर्ता प्रमाणपत्रको छाँया प्रति,
- ✓ कबोल अङ्कको ३ (तीन) प्रतिशतले हुन आउने रकम नेपाल राष्ट बैंकको धरौटी खाता नं. १२०१२००००१००२५२४, कार्यालय कोड नं. ३२९०३३५०१ मा जम्मा गरेको सक्कलै भौचर,
- ✓ पेशेवर शिकारी अनुज्ञापत्रको छाँया प्रति, र
- ✓ आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको छाँया प्रति।

३) सामान्य शिकार अनुज्ञापत्र लिई बनेलको शिकार गर्न चाहने नेपाली नागरिकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

४) सिलबन्दी दरभाउपत्र खरिद गर्नको लागि निवेदनसाथ राजस्व रकम रु.१०००।०० (एक हजार) राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखामा राजश्व शिर्षक नं. १४२२९, कार्यालय कोड नं.३२९०३३५०१ र खाता नं. १०००१००२०००१०००० मा जम्मा गरेको सक्कले भौचर पेश गर्नुपर्नेछ।

५) सिलबन्दी दरभाउपत्र कबोल गरेको रकम उल्लेख गर्दा अंक र अक्षर दुवैमा लेख्नुपर्ने छ। अंक र अक्षरमा कबोल गरेको रकम अन्यथा भएमा अक्षरमा उल्लेख गरेकोलाई मान्यता दिइने छ।

६) ढोरपाटन शिकार आरक्षमा यस आ.व. २०७९।८० को दोस्रो सिजनका लागि १२ वटा नाउर ९ वटा झारल झारलको शिकार कोटा तोकिएको छ ।साथै यस सिजनमा नेपाली नागरिकका लागि ७ वटा बनेल र विदेशी नागरिकका लागि ४ वटा बनेल गरी जम्मा ११ वटा बनेल शिकार कोटा तोकिएको छ ।

७) शिलबन्दी दरभाउ पत्र पेश गर्न चाहने व्यक्ति र फर्मले प्रति पुरक शिकार अनुज्ञापत्र २ वटा नाउर र १ वटा झारल शिकार गर्नकाको लागि माग गर्न सक्नेछ र समग्रमा तोकिएको कोटा भन्दा बढी माग गर्न पाउने छैन ।

८) तोकिएको समयभित्र पेश हुन आएका सिलबन्दी दरभाउपत्र २०७९/११/१९ गते दिउँसो १२:०० बजे सिलबन्दी दरभाउपत्र पेश गर्ने फर्म वा निजको प्रतिनिधिको रोहवरमा २०७९/११/१९ गते दिउँसो १२:३० बजे खोलिने छ। सिलबन्दी दरभाउपत्र पेश गर्ने वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पुर्याएको मानिने छैन। सो दिन बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन सिलबन्दी दरभाउपत्र खोलिने छ।

महानिर्देशक

९) प्रत्येक ब्लकमा निर्धारण गरिएको कोटा मध्ये सवैभन्दा बढि कबोल गरिएको रकम नै सो ब्लकको सोही प्रजातिको अन्य कोटामा कायम हुनेछ।

१०) शिकारबाट प्राप्त आखेटोपहारहरु ओसारपसार तथा निकाशी गर्दा ढोरपाटन शिकार आरक्ष कार्यालयबाट प्रमाणित गरेको कागजात संलग्न हुनुपर्नेछ।

११) उल्लिखित प्रक्रिया पूरा गरी शिकार अनुज्ञापत्र पाउने व्यवसायिक शिकारीले शिकार गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को परिच्छेद-३ को शिकार सम्बन्धी व्यवस्था नियम ५, ६ र ७ को पूर्णरुपमा पालना गर्नुपर्ने छ। शिकार गर्दा ढोरपाटन शिकार आरक्ष कार्यालयका कर्मचारीको रोहवरमा/निगरानीमा गर्नुपर्नेछ।

१२) शिकार व्यवस्थापन गर्ने सम्बन्धमा सम्पूर्ण अधिकार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा सुरक्षित रहने छ।

१३) पेशेवार शिकारी अनुज्ञापत्र प्राप्त संस्था सिलबन्दी दरभाउको प्रतिस्पर्धामा छनोट भई सिजनको शिकार गर्ने वन्यजन्तुको लागि कबोल गरेको राजश्व बुझाई सकेपछि शिकार नगरेको अवस्थामा सो राजश्व रकम फिर्ता हुने छैन।

१४) शिकार व्यवस्थापन सम्बन्धमा यस सूचनामा उल्लेख भएको सिमा एवं शर्त यहि बमोजिम हुने छ र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुने छ ।

१५) शिकार सम्बन्धि राजश्व विभागमा दाखिला गरे पश्चात मात्र शिकार लाईसेन्स प्रदान गरिनेछ ।

१६) थप जानकारीका लागि विभागको आर्थिक प्रशासन शाखा तथा व्यवस्थापन शाखामा सम्पर्क राख्नुहोला ।

महानिर्देशक

-------